निर्वाचन आयोग नेपाल

निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२

सुर्खेत

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

**विषयः निर्वाचन प्रचार प्रसारमा सरकारी सवारी साधन प्रयोग नगर्ने सम्वन्धी सूचना**

आसन्न फाल्गुन २१ गते हुन गईरहेको प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२ लाई स्वच्छ, निष्पक्ष, मर्यादित, मितव्ययी र पारदर्शी बनाउन निर्वाचन आयोग, नेपालले निर्वाचन आचारसंहिता, २०८२ जारी गरेको सर्वविदितै छ ।निर्वाचन आचारसंहिता,२०८२ को दफा ५(ख) बमोजिम जनप्रतिनिधि वा पदाधिकारीले निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत साधनको प्रयोग गर्न नहुने व्यवस्था रहेको छ । सुर्खेत जिल्लाका २ वटै निर्वाचन क्षेत्रहरुमा निर्वाचन प्रचारप्रसारका क्रममा राजनीतिक दल वा उम्मेदवारहरुले आयोजना गर्ने जुलुस,सभा,र्याली जस्ता कार्यक्रमहरुमा जनप्रतिनिधि वा पदाधिकारीहरु सहभागी हुँदा सरकारी सवारी साधन वा अन्य स्रोत साधनहरुको प्रयोग नगर्न/ नगराउनहुनको साथै यस सूचना विपरीत कुनै कार्य गरेको पाइएमा निर्वाचन आचारसंहिता,२०८२ र निर्वाचन (कसूर तथा सजाय ) ऐन,२०७३ बमोजिम कारबाही हुने व्यहोरा सम्वन्धित सवैमा यो सूचना जारी गरिएको छ ।

..............................
मदन ममराती
प्रमुख कोष नियन्त्रक
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

२०८२।१०।२२
..............................
डिल बहादुर कार्की
सहायक प्रमुख जिल्ला अधिकारी
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

मितिः२०८२।१०।२२